सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

सानीभेरी राजपत्र

खण्डः ७ संख्या :११ मितिः २०८०/११/०१


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## *कृषि तथा पशुजन्य वाली, वस्तुको उत्पादनमा आधारित अनुदान तथा ढुवानी अनुदान सम्बन्धी कार्यविधि २०७९

**१. प्रस्तावनाः** सानीभेरी गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँको अधिकाँश मानिसहरु मुख्य पेशाको रुपमा कृषि तथा पशुपालनलाई अवलम्बन गरेका छन । यसरी यस पालिकाका कृषकहरुलाई व्यावसायिक र प्रतिस्पर्धी बनाइ उनीहरुको आय आर्जन बृद्धि गरी स्वावलम्बी बनाउन वान्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार सन्चालन ऐन, दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**२.परिभाषाः**

क)**गाउँपालिकाः** भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख)**अध्यक्षः** भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग)**उपाध्यक्षः** भन्नाले सानीभेरी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ)**प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले दफा ८४ बमोजिमको सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ)**कार्यपालिकाः** भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च)**न्यायिक समितिः** भन्नाले सविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्दछ ।

छ)**आर्थिक विकास समितिको संयोजकः** भन्नाले गाउँपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनुपर्दछ ।

ज)**कृषि विकास शाखाः** भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गत कृषि विकास शाखा सम्झनु पर्दछ ।

झ)**पशु सेवा शाखाः** भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

ट)**वडाः** भन्नाले सानीभेरी गाउँपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

ट)**प्राविधिक समितिः** भन्नाले वडा अध्यक्षको सयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मीलित ३ सदस्यीय समितिलाइ बुझाउछ ।

ठ)**सहकारीः** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा सलग्न सानीभेरी गाउँपालिका भित्रका सबै सहकारीलाइ जनाउदछ ।यस शव्दले सानीभेरी गाउँपालिकाका कृषकहरुको कृषि तथा पशुजन्य वस्तुको उत्पादन खरिद गर्न आसपासका सहकारीलाइ समेत जनाउनेछ ।

ड)**संकलन केन्द्रः** भन्नाले सानीभेरी गाउँपालिका बासी कृषकले कृषि तथा पशुजन्य उत्पादन खरिद गर्न गाउँपालिकामा दर्ता भएका डेरी उद्योग, हाटबजार तथा सकलन केन्द्र, सहकारीलाइ सम्झनु पर्दछ ।

ढ)**तरकारीः** भन्नाले काउली, बन्दा, रायो केराउ, वोडी, सिमि, गोलभेडा, आलु, लौका चिचिन्डा, घिरौला, भान्टा, फर्सी, भिण्डी, कात्रा, पिडालु, स्कवाइस लगाएतका तरकारीहरुको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

ण)**फलफुलः** भन्नाले कागती, अनार, अम्बा, केरा सुन्तला, आँप, लिचि, किवी, ड्रागन फ्रुट, ओखर लगायत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

त)**मसलाजन्य वस्तुः** भन्नाले लसुन, टिमुर अलैची प्याज, धनिया, खुर्सानी, अदुवा, वेसार लगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाइ जनाउनेछ ।

थ) **मौरीजन्य उत्पादन** भन्नाले मह मैन कुट रोयल जेली आदीलाई जनाउनेछ ।

द) **गोला सहितको मौरी घार** भन्नाले कम्तिमा पनि ५ फ्रेम मौरी सहितको घारलाई जनाउनेछ

**ध) दुध तथा दुधजन्य पदार्थः** सामान्यतया शिशु वा वच्चा जन्मनुभन्दा १५ दिन अगाडिको र ५ दिन पछाडिको स्तनधारी प्राणीको स्तन वा थुनबाट हुने सेतो श्रावलाइ दुध भनिन्छ ।दुधबाट बन्ने बिभिन्न प्रकारको दुधजन्य परिकारलाई दुधजन्य पदार्थ भनिन्छ ।

**न)मासुः** मासु शव्दलाई बोलचाल र व्यावसायिक वर्गिकरणको आधारमा पृथ्वीमा रहने पशुपन्छीहरुको मासपेशी वा मासुलाई बुझिन्छ ।

प)**अण्डाः** पन्छीबाट उत्पादन भएको अण्डाकारको वस्तुलाई बुझिन्छ ।

***फ) ढुवानीः** कृषिजन्य वालीवस्तुहरु गाडी अथवा भरियाद्धारा गरिएको ढुवानीलाई बुझिन्छ ।

## ३.अनुदान उपलब्ध गराउन सकिने कृषि तथा पशुपन्छीजन्य वस्तुहरुः

क) सानीभेरी गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रहि पशुपन्छीजन्य उत्पादन अन्तर्गत दुध ,मासु, माछा र अण्डा तथा कृषि जन्य वस्तु अन्तर्गत ताजा तरकारी, तरकारी र खाधान्न वालीको बिउ, फलफुल, मसला वाली, मौरी तथा मौरीजन्य उत्पादन र दाल वाली बिक्रीमा अनुदान उपलब्ध गराउन सकिनेछ ।

## ४. अनुदान उपलब्ध गराउने विधि

क) सानीभेरी गाउँपालिका अन्तर्गत प्रत्येक वडाहरुमा वडा अध्यक्षको सयोजकत्वमा सम्बन्धित प्राविधिक रहने गरी ३ सदस्यीय समिति गठन गरिनेछ ।

१ वडा अध्यक्ष - संयोजक

२ सम्बन्धित क्षेत्रको प्राविधिक - सदस्य

३ वडा सचिव - सदस्य

ख) कृषकहरुले अनुदान प्राप्त गर्नका लागि तोकिएको सहकारी/समूह/ सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिको रोहबरमा बिक्रि वितरण तथा *ढुवानी गरेको हुनुपर्नेछ ।

ग) सहकारी /समूह /सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले कृषि तथा पशुपन्छिजन्य वस्तु खरिद गरेको, बिक्रि गरेको र *ढुवानी गरेको* अभिलेख स्पस्ट सँग राखेको हुनुपर्नेछ ।

घ) सहकारी /समूह/ सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले कृषि तथा पशुपन्छिजन्य वस्तु खरिद गरेको, बिक्रि गरेको *र ढुवानी गरेको* अभिलेखका आधारमा बिक्रि परिमाण र रकम भुक्तानीका लागि सहकारी समूह सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले मासिक रुपमा गाउँपालिका अन्तर्गत कृषि बिकास शाखा वा पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

ङ) सहकारी समूह सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिले अनुगमन गरी सिफारिस गर्ने र वडा कार्यालयको सिफारिसका आधारमा कृषि बिकास शाखा वा पशु सेवा शाखाले आवश्यक परेमा अनुगमन गरी गाउँपालिकाबाट कृषि तथा पशुपन्छिजन्य वस्तुको बिक्रि तथा उत्पादनमा आधारित अनुदान र *ढुवानी अनुदान* उपलब्ध गराउनु पर्नेछ ।

च) अनुदान उपलब्ध गराउदा सहकारी /समूह/ संकलन केन्द्र तथा कृषकले पेश गरेको अभिलेख र सम्बन्धित कृषि वा पशु सेवा शाखाको सिफारिसका आधारमा गाउँपालिकाले कृषक समूह /फर्म/ कृषक वा *गाडी धनीको* खातामा अनुदान रकम भुक्तानी गर्नेछ ।

छ) यो कार्यविधि स्वीकृत भए पश्चात सहकारी /समूह /संकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समिति मार्फत बिक्रि बितरण वा *ढुवानी* गरी अभिलेखिकरण गरिएका कृषि फर्म /समूह हरुलाई मात्र अनुदान रकम उपलब्ध गराइनेछ ।

ज) कृषि तथा पशुपन्छीजन्य वस्तुको बिक्रि वितरण र *ढुवानीमा* संलग्न हुन चाहने सहकारी/समूह/संकलन केन्द्रले आफ्नो प्रमाण पत्र र वडाको सिफारिस सहित गाउँपालिकाको सम्बन्धित शाखामा निवेदन पेश गरेपश्चात गाउँपालिका बाट अनुमित दिनेछ ।यसरी अनुमति प्राप्त गरी सकेपश्चात सहकारी/समूह/संकलन केन्द्र वा गठित समितिले बिक्रि वितरण र *ढुवानीको* अभिलेख राख्न शुरु गर्नु पर्नेछ ।

*झ) एउटै कृषकलाई कृषि तथा पशुजन्य वाली, वस्तुको उत्पादनमा आधारित अनुदान र ढुवानी अनुदान मध्ये कुनै एउटा अनुदान मात्र उपलब्ध गराइनेछ ।*

ञ) यस कार्यक्रमको लागि आवेदन पेश गर्न इच्छुक कृषकहरुले अनुसुचि ४ अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

## ५. उपलब्ध गराउने अनुदान रकम

क) कृषकहरुलाई बाली/वस्तु विशेष उत्पादन तथा बिक्रिको परिमाणमा सहकारी/समूह/संकलन केन्द्र तथा वडामा यस कार्यविधि अनुसार गठित समितिहरुको अभिलेख सहित वडाको सिफारिसका आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

### क)पशुजन्य वस्तुः

- दुध उत्पादनको क्षेत्रमा प्रति कृषकले वार्षिक १००० लिटरका दरले सहकारी /समूह /सकलन केन्द्र वा वडामा यस कार्यविधि अनुसार गठित समितिमा बिक्री गरेको रेकर्डको आधारमा प्रति लिटर रु. ५ का दरले अनुदान रकम दिइनेछ ।
- जिउदो तौलको आधारमा खसी /बोका बिक्रि गर्दा कम्तिमा १०० के.जी. वा ३-५ वटा बिक्रि गरेको कृषकलाइ प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाइनेछ ।

- स्थानीय कुखुराको मासु प्रति कृषकले कम्तिमा ७५ के.जी. उत्पादन गरी बिक्रि गरेको कृषकलाइ प्रति के.जी. रु. ५० का दरले अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- प्रति कृषक कम्तिमा १ रोपनी क्षेत्रफलमा माछापालन गरेकोलाइ प्रति रोपनी रु. १००००।का दरले अनुदान दिने व्यवस्था गरिनेछ ।
- बगुरपालन व्यवसाय तर्फ पाठापाठी उत्पादन गरी बिक्री गर्ने कृषकलाइ प्रति वर्ष कम्तिमा २५ गोटा पाठापाठी बिक्री गरेवापत प्रति गोटा रु. ३०० का दरले अनुदानको व्यवस्था गरिनेछ र मासुको हकमा प्रति कृषकले न्युनतम ५०० के.जी. बिक्री गर्ने कृषकलाइ प्रति के.जी. रु. १० का दरले अनुदान दिने व्यवस्था गरिनेछ ।

## ख) कृषिजन्य वस्तुः

### फलफुल खेती

- सुन्तलाजात, आँप र लिचीमा प्रति के.जी. रु. ५ र प्रति कृषक कम्तिमा *५००* के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- किवी खेति प्रति के.जी. रु. *५ र प्रति कृषक कम्तिमा ४००* के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- केराखेति प्रति गोटा (कोसा) रु. २ र प्रति कृषक कम्तिमा ५००० गोटा उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- ड्रागन फ्रुटमा प्रति के.जी. रु. १० र प्रति कृषक कम्तिमा १०० के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।

### ➢ तरकारी बिउ उत्पादनः

- तरकारी बिउ उत्पादनमा प्रति के.जी. रु. ५० र प्रति कृषकले कम्तिमा *५०* के.जी. बिउ उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।

**खाधान्न वाली वीउ उत्पादनमा**

- खाधान्न वाली वीउ उत्पादनमा प्रति के. जी. रु. २० र प्रति कृषकले कम्तिमा २०० के.जी. वीउ उत्पादन गरि विक्री गरेको हुनु पर्नेछ ।

### ताजा तरकारीः

- गोलभेडा प्रति के.जी. रु.*५ र प्रति वर्ष ४००* के. जी. उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ
- गाँजर ,ब्रोकाउली, हरियो खुर्सानी ,भेडेखुर्सानी ,जुकिनि फर्सी, तितेकरेला, सिमी, भिण्डी, घिरौला र भाण्टामा प्रति के.जी. रु. *५ प्रति वर्ष २००* के. जी. उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।

- काउली, बन्दा, काँक्रा र लौकामा रु. ५ र प्रति वर्ष *४००* के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।

**मौरी र मौरीजन्य उत्पादनमा**

- मह उत्पादनमा प्रति के.जी. रु. ४० र प्रति कृषकले कम्तिमा २५ के.जी. उत्पादन गरी विक्री गरेको हुनु पर्नेछ ।
- गोला सहितको मौरी घारमा प्रति घार रु. ५०० र प्रति कृषक कम्तिमा १० गोला उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।

**दाल वालीमा**

- दाल वालीमा प्रति के.जी. रु. ४० र कम्तिमा ५० के.जी. उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।

**मसला वालीमा**

- अदुवा, बेसारमा प्रति के.जी. रु. ५ र प्रति कृषक कम्तिमा ५०० के.जी. उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।
- लसुनमा प्रति के.जी. रु. ७ र प्रति कृषक कम्तिमा २०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।
- गाना प्याजमा प्रति के.जी. रु. ५ र कम्तिमा ४०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।
- *सुकाएको खोर्सानी वालीमा प्रति के.जी.रु.५० र कम्तिमा २० के.जी.उत्पादन गरेको हुनुपर्दछ ।*

पुष्प खेती

*सयपत्री फुलको माला प्रतिमाला रु १० र कम्तिमा १५०० माला उत्पादन गरेको हुनुपर्नेछ *

*ढुवानीः कृषिजन्य वालीवस्तु ढुवानी गर्दा एक पटकमा कम्तिमा १० क्वीन्टल र पशुको हकमा एक पटकमा कम्तिमा २० वटा खसी बोका, माउ तथा मासुको लागि प्रयोग गरिने बंगुरको हकमा ५ वटा, र राँगा भैसीको हकमा ३ वटा ढुवानी गरेको हुनुपर्नेछ ।भने ढुवानी रकमको हकमा सानीभेरी गाँउपालिकाको आर्थिक ऐनमा उल्लेख गरिए बमोजिम उपलब्ध गराइनेछ । *

**५) अनुदान अनुगमन तथा व्यवस्थापन समितिः** गाँउपालिकामा उपाध्यक्षको संयोजकत्वमा देहायको पालिका स्तरिय एक अनुदान अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

क) गा .पा. उपाध्यक्षः संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य
ग) आर्थिक विकास समितिका सयोजकः सदस्य
घ) कृषि/पशु सेवा शाखा प्रमुखः सदस्य
ङ कृषि/पशु सेवा शाखा प्रमुखः सदस्य सचिव

**७. अनुदान रकम निकासाः** उत्पादनमा आधारित अनुदान र *ढुवानी अनुदान* रकम उपलब्ध गराउँदा गाउँपालिकाबाट त्रैमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा उपलब्ध गराउन सक्नेछ।

**८. अन्य क्षेत्रमा अनुदानः** उत्पादनमा आधारित अनुदान र *ढुवानी अनुदान* बाहेक गाँउसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले वाधा पुर्याएको मानिने छैन ।

**९.बजारमुल्यको कारण हुने क्षेतिको परिपुर्तिः** विश्वव्यापी बजारिकरणको कारण स्थानीय कृषकको उत्पादन मुल्य भन्दा अत्याधिक कम मुल्यमा कृषि तथा पशुजन्य वस्तु बजारमा आई कृषकलाइ घाटा पुर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाइ कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाइने छ र वाली वस्तु विशेष उत्पादन गरि विक्री नहुँदा पनि उत्पादनका अधारमा अनुदान उपलब्ध गराइनेछ ।

**१०. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्ने छ ।

**११. परिमार्जनः** गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनूसुची-१

सुचना प्रकाशनको ढाँचा

सानीभेरी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

सिम्ली रुकुम पश्चिम

विषयः

प्रथम पटक प्रकाशन गरिएको मितिः

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम पशि्चमको आ.व. २०७९/०८० को स्वीकृत उत्पादनमा आधारित कृषकलाई अनुदान सहयोग कार्यक्रम अनुसार इच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा निम्न अनुसारका कागजात विवरण सहित अनुदानका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक सक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसुचिहरु सम्बन्धित शाखा र वडा कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

आवश्यक कागजातहरु

१.रु.१० को हुलाक टिकट टाँस गरिएको अनुसुची २ बमोजिमको आवेदन पत्र

२.सम्बन्धित निकायमा कृषि तथा पशुपन्छी फर्म/समुह/सहकारी दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. कार्यक्रम सचालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

५. नागरिकताको प्रतिलिपी ।

६. पुर्ण रुपमा भरिएको अनुसुचि ४ फाराम ।

अनुसुचि २

कृषि तथा पशुपन्छीजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा उत्पादक कृषकले कार्यालयमा पेश गर्ने आवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
सानीभेरी गाउँपालिका रुकुम पश्चिम

विषयः उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ......................................गते प्रकाशन गरिएको सूचना अनुसार म ...........................................पेशामा आवद्ध भई ............................मार्फत खरिद तथा बिक्रि कार्यमा संलग्न भएकोले म उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रमको लागि समावेश हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

तपशिलः

१. अनुसुचि २ बमोजिमको अनुदानका लागी आवेदन फाराम निवेदन
२. सम्बन्धित निकायमा कृषि फर्म दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
३. वडा कार्यालयको सिफारिस पत्र
४. कार्यक्रम सचालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
५. नागरिकताको प्रतिलिपी
६. पुर्ण रुपमा भरिएको अनुसुचि ४ फाराम

निवेदक

नाम थरः

ठेगानाः

मोवाइल नम्बरः

## अनुसुचि ३

## उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागिताको लागि देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्छ ।

१. दुध उत्पादन मासिक /चौमासिक/वार्षिकः १००० लिटर/वर्ष
२. खसि /बोका /पाठापाठी बिक्रि र उत्पादनः ३-५ गोटा/वर्ष १०० के. जी.
३. स्थानीय कुखुरा उत्पादन/बिक्रिः ७५ के. जी. प्रति वर्ष
४. माछा उत्पादन बिक्रिः १ रोपनीमा माछा राखेको हुनु पर्ने
५. बगुर उत्पादन/बिक्रिः २५ गोटा प्रति वर्ष वा ३०० के. जी. प्रति वर्ष

**फलफुलखेतिः**

- सुन्तलाजात, आँप र लिची प्रति कृषक कम्तिमा *५००* के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- किवी फ्रुट प्रति कृषक कम्तिमा *४००* के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- केरा प्रति कृषक कम्तिमा ५००० गोटा उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।
- ड्रागन फ्रुट प्रति कृषक कम्तिमा १०० के.जी. उत्पादन गरी बिक्रि गरेको हुनु पर्ने छ ।

**तरकारी बिउ उत्पादनः**

- तरकारी बिउ प्रति कृषकले कम्तिमा *५० के. जी.* उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।

**खाधान्न वाली वीउ उत्पादनमा**

- खाधान्न वाली वीउ प्रति कृषकले कम्तिमा २०० के.जी. उत्पादन गरि विक्री गरेको हुनु पर्नेछ ।

**ताजा तरकारीः**

- गोलभेडा प्रति कृषकले प्रति वर्ष कम्तिमा *४०० के. जी.* उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ
- गाँजर ,ब्रोकाउली, हरियो खुर्सानी ,भेडेखुर्सानी ,जुकिनि फर्सी, तितेकरेला भिण्डी घिरौला र भाण्टा प्रति कृषकले प्रति वर्ष *२०० के. जी.* उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।
- काउली बन्दा काँक्रा र लौका प्रति कृषक प्रति वर्ष *४०० के.जी.* उत्पादन गरेको हुनुपर्नेछ ।

**मौरी र मौरीजन्य उत्पादनमा**

- मह उत्पादन प्रति कृषकले कम्तिमा २५ के.जी. उत्पादन गरी विक्री गरेको हुनु पर्नेछ ।

- गोला सहितको मौरी घार प्रति कृषक कम्तिमा १० गोला उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।

**दाल वालीमा**

- दाल वालीमा प्रति कृषकले कम्तिमा ५० के.जी. उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।

**मसला वालीमा**

- अदुवा बेसार प्रति कृषक कम्तिमा ५०० के.जी. उत्पादन गरि विक्री गरेको हुनुपर्नेछ ।
- लसुन प्रति कृषक कम्तिमा २०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।
- गाना प्याजमा प्रति कृषक कम्तिमा ४०० के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।
- *सुकाएको खोर्सानी प्रति कृषक कम्तिमा २० के.जी. उत्पादन गरेको हुनुपर्नेछ ।*
- पुष्प खेती

  *सयपत्री फुलको माला प्रति कृषक कम्तिमा १५०० माला उत्पादन गरेको हुनुपर्नेछ*
- ढुवानी

  *कृषिजन्य वालीवस्तु ढुवानी गर्दा एक पटकमा कम्तिमा १० क्वीन्टल र पशुको हकमा एक पटकमा कम्तिमा २० वटा खसी बोका, माउ तथा मासुको लागि प्रयोग गरिने बंगुरको हकमा ५ वटा, र राँगा भैसीको हकमा ३ वटा ढुवानी गरेको हुनुपर्नेछ ।*

अनुसुचि ४

उत्पादक कृषकलाइ उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण

१. कृषकको नामः

२. ठेगानाः

३.दुहुनागाइ/दुहुनाभैसी/माउबाख्रा/खसि/बोका/बगुर/स्थानीयकुखुरा/माछा/फलफुल/ ताजा तरकारी/मह/तरकारी बिउ/खाधान्न वाली वीउ/ गोला सहितको मौरी घार/ मसला वाली उत्पादन /बिक्रि /क्षेत्रफलः

४. उत्पादनमा अनुदान कार्यक्रममा सहभागी गराइने वालीको नामः

५. गत वर्षको उत्पादन परिमाणः

| क्र स | वाली/बस्तुको नाम | गत आ व को उत्पादन र विक्री परिमाण के. जी./ सख्या/ लि. | विक्री गरिएको बजार | प्रति एकाइ सरदर मुल्य | क्षेत्रफल/ सख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. यस वर्षको हाल सम्मको उत्पादन परिमाण

| क्र स | वाली/ बस्तुको नाम | यस आ.व. को हालसम्मको उत्पादन के. जी. /संख्या /लि. | यस आ. व. को जम्मा उत्पादन लक्ष्य के. जी. /संख्या /लि. | विक्री गरिएको बजार | प्रति एकाइ सरदर मुल्य | क्षेत्रफल / सख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. गत वर्षको अधिकतम उत्पादन महिना र परिमाण

८. गत वर्षको न्युनतम उत्पादन महिना र परिमाण

९. बिक्रि उत्पादन अभिलेखको अवस्था भए नभएको

१०. बजारसगँ खरिद बिक्रि सम्झौताको अवस्था भए नभएको

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत